*The Transport Subsidy Promotes Employment And Helps You Stay In Work*

劳工處
Labour Department



# Work Incentive Transport Subsidy Scheme

## कार्य प्रोत्साहन यातायात सहुलियत योजना

### लक्ष्य

न्यून-आय आर्जन गर्ने व्यक्तिहरुको काममा जाँदा र त्यहाँबाट फर्कदा हुने यात्राको खर्चलाई कम गर्नको लागि सहायता गर्ने, साथै तिनीहरुलाई जागिरको सुरक्षा गर्न वा त्यसमा रहन प्रोत्साहित गर्ने।

योग्य व्यक्तिहरुले व्यक्ति वा परिवारको आधारमा आवेदन गर्न सक्छन्।



मासिक आम्दानी र सम्पत्ति सिमाहरु समायोजित गरिएको छ।

कृपया आवेदनको अन्तिम म्याद टिप्नुहोस्

Nepali version

## मुख्य विशेषताहरु



WITS योजनाले "दोहोरो बाटो" प्रबन्ध गर्छ! म व्यक्तिमा आधारित आवेदनको लागि आम्दानी र सम्पत्तिको सीमाभित्र पर्छु र मैले व्यक्तिको आधारमा WITS को लागि आवेदन गर्न सक्छु।



- व्यक्तिमा आधारित र परिवारमा आधारित आवेदकहरुले प्रत्येक आवेदनमा पहिलेको 6 देखि 12 महिनासम्मको लागि,'कार्य प्रोत्साहन यातायात सहुलियत' (WITS) को लागि आवेदन गर्न सक्छन्। WITS पात्रोको महिना अनुसार दिइन्छ र आवेदकहरुले प्रत्येक योग्य महिनाको लागि सहुलियत पाउनेछन्।
- आवेदकहरुको सुविधाको लागि, आवेदनहरु डाँकद्वारा पेश गर्न सकिन्छ र WITS बैङ्क ट्रान्सफर मार्फत भुक्तान गरिन्छ।
- एउटै परिवारको आवेदकहरुले यी कुराहरु रोज्न सक्छन्:

1. हरेक आवेदकलाई अलग-अलग मूल्याङ्कन गर्ने; वा
2. सबै आवेदकहरु र परिवारको सदस्यहरुलाई एउटै परिवारको रुपमा मूल्याङ्कन गर्ने।

परिवारको सदस्यहरुमा एउटै परिसरमा बस्ने मूल परिवारजनहरु, र जीविकाको लागि एउटै परिसरमा बस्ने र खाद्यान्न साझा गर्ने व्यक्तिहरु समावेश छन्।





मेरो परिवारको आवेदकहरुले, कि छुट्टाछुट्टै वा परिवारको रुपमा सँगसँगै आवेदन गर्न सक्छन्।

आवेदकहरुले पहिलो आवेदन गर्दा वा प्रत्येक 6 देखि 12 महिनासम्ममा पुन: आवेदन गर्दा, व्यक्तिमा आधारित वा परिवारमा आधारित आवेदनमध्ये एउटालाई रोज्न सक्छन्।

प्रत्येक 6 देखि 12 महिनामा WITS को लागि आवेदन गर्दा, मैले व्यक्तिगत आवेदन वा पारिवारिक आवेदनमध्ये एउटालाई रोज्न सक्छु।





यदि म दावी गर्ने समयमा कुनै-कुनै महिनामा योग्य छैन भने पनि, योग्य भए अनुसार मैले बचेका महिनाको लागि WITS प्राप्त गर्नसक्छु।

सहुलियतको शुल्क आवेदकको मासिक काम गर्ने समयमा निर्भर गर्दछ। आवेदकहरुले ती महिनाको लागि WITS प्राप्त गर्नेछन् जसमा तिनीहरु योग्य हुन्छन्, पूरा $600 प्रति महिना (प्रति महिना कम्तिमा 72 घण्टा काम गरेबापत), वा आधा $300 प्रति महिना (प्रति महिना 72 घण्टाभन्दा कम तर कम्तिमा 36 घण्टा काम गरेबापत)।





पूर्णकालिन वा आंशिक रूपमा काम गर्ने कर्मचारीहरु, साधारण कामदारहरू र निजी व्यवसायीहरुले WITS को लागि आवेदन गर्न सक्छन्। मैले जागिर परिवर्तन गरे पनि त्यहाँ कुनै समस्या हुँदैन, र मैले सबै जागिरहरुमा गर्ने कामको समयको गणना हुन्छ।

## आवेदनको लागि अन्तिम म्याद


WITS को लागि दावीको अधिकतम समय भनेको अघिल्लो 12 महिना हो। उदाहरणको लागि, मे 2016 देखि शुरु हुने सहुलियतको लागि 31 मे 2017 मा वा त्योभन्दा पहिले आवेदन पेश गर्नुपर्छ; जून 2016 देखि शुरु हुने सहुलियतको लागि 30 जून 2017 सम्म आवेदन पेश गर्नुपर्छ, आदि। विलम्ब गरिएको दावीको महिनालाई सहुलियत प्रदान गरिनेछैन।

प्रत्येक आवेदनले कम्तिमा क्रमैसित आउने 6 महिना समेट्नुपर्छ। त्यहाँ कुनै समस्या छैन, उदाहरणको लागि, 7, 8, वा 9 महिनासम्म, तर त्यसले पहिलेको 12 महिनालाई नाघ्न सक्दैन।





## योग्यता मापदण्ड



- आवेदकहरुले निम्न मापदण्ड पूरा गर्नुपर्छ:

  1. जागिरे वा निजी व्यवसायी हुनुपर्छ, र हङ्कङ्मा कानूनी रुपमा काम गर्न सक्षम हुनुपर्छ;
  2. निरन्तर काममा जाँदा वा त्यहाँबाट फर्कदा यात्रा खर्च भएको हुनुपर्छ;
  3. मासिक आम्दानी र सम्पत्ति सीमा पूरा गरेको हुनुपर्छ; र
  4. प्रति महिना कम्तिमा 72 घण्टा काम गरिरहेको हुनुपर्छ (यदि प्रति महिना, पूरा $600 को सहुलियतको लागि आवेदन गर्दै हुनुहुन्छ भने), वा प्रति महिना 72 घण्टाभन्दा कम तर कम्तिमा 36 घण्टा काम गरिरहेको हुनुपर्छ (यदि प्रति महिना, आधा $300 को सहुलियतको लागि आवेदन गर्दै हुनुहुन्छ भने)।

- आवेदकहरुले सरकारद्वारा प्रदान गरिएका अन्य समान रोजगार सम्बन्धीको यातायात सहुलियत सँगसँगै प्राप्त गर्नेछैनन्, यी कुराहरु लगायत:

  1. रोजगार सहायता परियोजना अन्तर्गत काममा जाँदा वा त्यहाँबाट फर्कदा हुने यात्रा खर्चको लागि अस्थायी वित्तीय सहायता र बृहत् सामाजिक सुरक्षा सहायता (CSSA) योजना अन्तर्गत प्रदान गरिएका विशेष अनुदानहरु जसले वृद्ध, बिरामी व्यक्ति र अपाङ्गहरुको लागि काममा जाँदा वा त्यहाँबाट फर्कदा हुने यात्रा खर्च समेटेको छ;
  2. वान-स्टपमा 'श्रम विभाग रोजगार'को मामिला व्यवस्थापन र रोजगार समर्थन सेवाहरु अन्तर्गत काममा जाँदा वा त्यहाँबाट फर्कदा हुने यात्रा खर्चको लागि अस्थायी वित्तीय सहायता।

- पूर्णकालिन विद्यार्थीहरु र जागिर नभएका प्रशिक्षार्थीहरु WITS को लागि योग्य छैनन्।

- न्यून-आम्दानीमा काम गर्ने परिवारको भत्ता सम्बन्धी व्यवस्थाको लागि कृपया *कार्य प्रोत्साहन यातायात सहुलियत योजना लागि आवेदनमा मार्गदर्शन नोट्समा थप जानकारी उल्लेख गरिएको छ*[1]।

टिप्पणी: (1) *कार्य प्रोत्साहन यातायात सहुलियत योजना लागि आवेदनमा मार्गदर्शन नोट्समा थप जानकारी उल्लेख गरिएको छ* र श्रम विभागको होमपेजमा पनि उपलब्ध छ।

## मासिक आम्दानी र धनसम्पत्तिको सीमा

आवेदकहरुले निम्न मासिक आम्दानी र सम्पत्ति सीमाहरु पूरा गर्नुपर्छ:

| परिवारको आकार | फेब्रुअरी 2017 देखि सहुलियतको लागि आवेदन | | |
|---|---|---|---|
| | मासिक आम्दानी सीमा | मासिक धनसम्पत्तिको सीमा(2) | लागु हुने आय सीमा(3) (सन्दर्भको लागि मात्र) |
| 1 व्यक्ति वा व्यक्तिमा आधारित आवेदन | $10,000 | $91,500 | $10,526 |
| 2 व्यक्तिहरु | $17,000 | $123,000 | $17,894 |
| 3 व्यक्तिहरु | $19,500 | $184,500 | $20,526 |
| 4 व्यक्तिहरु | $22,800 | $246,000 | $24,000 |
| 5 व्यक्तिहरु | $23,900 | $246,000 | $25,157 |
| 6 व्यक्तिहरु वा माथि | $25,200 | $246,000 | $26,526 |

| परिवारको आकार | फेब्रुअरी 2016 देखि जेनवरी 2017 सम्मको सहुलियतको लागि आवेदन | | |
|---|---|---|---|
| | मासिक आम्दानी सीमा | मासिक धनसम्पत्तिको सीमा(2) | लागु हुने आय सीमा(3) (सन्दर्भको लागि मात्र) |
| 1 व्यक्ति वा व्यक्तिमा आधारित आवेदन | $10,000 | $88,500 | $10,526 |
| 2 व्यक्तिहरु | $16,600 | $120,000 | $17,473 |
| 3 व्यक्तिहरु | $18,900 | $180,000 | $19,894 |
| 4 व्यक्तिहरु | $22,100 | $240,000 | $23,263 |
| 5 व्यक्तिहरु | $22,800 | $240,000 | $24,000 |
| 6 व्यक्तिहरु वा माथि | $25,200 | $240,000 | $26,526 |

टिप्पणी: (2) प्रत्येक वृद्ध आवेदक वा 60 वर्ष वा माथि उमेरका घरका सदस्यहरूको (पारिवारिक-आधारको आवदेनमा) लागि सम्पत्ति सीमा $35,000 ले बढाएको छ।

(3) WITS योजना अन्तर्गत, "आय"मा कामदारहरूको अनिवार्य संचय कोष (MPF) योजनालाई दिनु पर्ने योगदान (अर्थात् कर्मचारीको तलबको 5%) समावेश गरिदैन। "लागु गरिएको आय सीमा" भन्नाले कामदारहरूले आयबाट अनिवार्य संचय कोष योजनालाई दिनु भन्दा अघिको रकम जनाउँदछ। "लागु गरिएको आय सीमा" सन्दर्भको लागि मात्र हो, र आय जाँच मासिक आय सीमामा आधारित छ।

| | | | |
|---|---|---|---|
| **आम्दानी[4] =** | MPF योगदानहरुलाई छोडेर हङ्कङ् भित्र र बाहिरको रोजगार (आंशिक रोजगार सहित)[5] बाट आम्दानी | + | सरकारद्वारा प्रदान गरिएको वित्तीय सहायता [7] र सामुदायिक सेवा कोषलाई छोडेर, हङ्कङ् भित्र र बाहिरको अन्य आम्दानी [6] |



| | |
|---|---|
| **धनसम्पत्तिहरु[4] =** | हङ्कङ् भित्रको र बाहिरको सम्पत्तिहरु, स्वयंको नाममा, संयुक्त रुपमा [8] वा कम्पनीको नाममा राखेका सम्पत्तिहरु जस्तै, बैंकमा जम्मा राशिहरु (जस्तै, म्यादी जम्मा राशि, विदेशी मुद्रामा जम्मा राशि, चालु खाता जम्मा राशि), नगद बचत, बाजी खाता रकम, लगानी (जस्तै, स्टक, धनराशि, ऋणपत्र, अनुज्ञापत्र, शेयर), बीमा नीतिहरुको नगद मूल्य (लाभांश सहित), वाहन (नतिरेको धितो ऋण कटौती), मातहतमा नरहेको सम्पत्ति (नतिरेको धितो ऋण कटौती), नामसारी गर्न सकिने वाहन लाइसेन्स, अरुलाई दिएको ऋण, अरुले विश्वासको आधारमा राखेको सम्पत्ति र अन्य सहजै वसुली गर्न योग्य सम्पत्ति र बहुमूल्य सामानहरु, MPF खाताहरुमा रहेको रकम बाहेक र नतिरेको विद्यार्थी वित्तीय ऋण बाहेक, आदि।<br><br>**द्रष्टव्य: बैंक विवरणहरु वा पासबुकहरुमा देखाइएका तलबहरु उही महिनाको सम्पत्तिको गणनाबाट काटिनेछ।** |

टिप्पणी:
(4) सबै आवेदकहरुको र परिवारको सदस्यहरुको आम्दानी र सम्पत्तिको आधारमा पारिवारिक आवेदनहरुको मूल्याङ्कन गरिन्छ।
(5) जस्तै, 'रोजगार नियम'मा परिभाषित ज्याला (जस्तै, तलब, भत्ता, दस्तूर, ओभरटाइम तलब, बक्सिस र सेवा शुल्क), व्यवसायबाट नाफा र निजी व्यवसायीहरुद्वारा प्रदान गरिएका सेवाहरुको लागि प्राप्त गरेको शुल्क।
(6) जस्तै, मासिक पेन्सन, जम्मा गरिएको भाडा, आवेदकहरुसित सँगै नबस्ने नातेदारहरु वा साथीहरुबाट प्राप्त योगदानहरु।
(7) जस्तै, CSSA, वृद्धावस्था भत्ता, वृद्धावस्था निर्वाह भत्ता।
(8) संयुक्त जम्मा राशिको लागि वा संयुक्त रुपमा राखिएको अन्य सम्पत्तिको लागि, अन्यथा प्रमाणित गर्न दस्तावेजहरु प्रदान नगरेसम्म सम्पत्तिको मूल्यलाई सबै सम्पत्ति धारकहरुले बराबर रुपमा साझा गरेको मानिनेछ।


## आवेदन दस्तावेजहरु

व्यक्तिमा आधारित आवेदकहरुले ***व्यक्तिगत आवेदन फाराम*** पेश गर्नुपर्छ।

परिवारमा आधारित आवेदकहरुले प्रत्येक परिवारको लागि एउटा ***पारिवारिक आवेदन फाराम*** पेश गर्नुपर्छ।

## आवेदन दस्तावेजहरुको वितरण एकाइहरु

- श्रम विभागको WITS शाखा
- श्रम विभागको रोजगार केन्द्र र उद्योग-आधारित भर्ती केन्द्र
- गृह मामिला विभागको गृह मामिला सोधपुछ केन्द्र
- समाज कल्याण विभागको सामाजिक सुरक्षा क्षेत्र एकाइहरु
- श्रम विभागको गृहपृष्ठ: www.labour.gov.hk
- 24-घण्टे सोधपुछ हटलाइनमा फोन गरेर प्रतिकृति: 2717 1771
  ("1823" द्वारा संचालित)



## सोधपूछहरु

- 24 घण्टे सोधपूछ हटलाइन : **2717 1771** ("1823" द्वारा संचालित)
- श्रम विभागको कार्य प्रोत्साहन यातायात सहुलियत विभाग
  (Work Incentive Transport Subsidy Division of the Labour Department)
  (सोधपुछ सेवा र फारम-भर्ने सहायता सेवा प्रदान गरिन्छ)

  ठेगाना: एकाइ 1225, 12/F,
  कउलुनबे अन्तर्राष्ट्रिय व्यापार तथा प्रदर्शनी केन्द्र,
  1 ट्रेडमार्ट ड्राइभ, कउलुन बे

  (नि:शुल्क शटल बस स्टप एमटीआर कव्लून बे स्टेशन को निकास एक मार्फत, तेल्फोर्ड प्लाजा 2 मा हंग संग टावर बाहिर स्थित छ)

July 2017